# लेखक परिचय

**कमलराज सिग्देल**ले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा स्नातकोत्तर गरेका छन्। हाल उनी द *काठमाण्डु पोस्ट*मा उप सम्पादकको रूपमा कार्यरत छन्।

**केदार शर्मा** आधा दर्जन पुस्तकका सम्पादक/लेखक तथा फिल्म निर्माता हुन्। हाल मदन पुरस्कार पुस्तकालयसँग उनको आंशिक सम्बद्धता छ।

**केशवराज पराजुली** पोखराबाट पहिले प्रकाशन हुने *जनमत* दैनिकका संस्थापक सम्पादक/प्रकाशक हुन्। प्रेस काउन्सिल नेपालको सदस्यसमेत रहिसकेका पराजुलीको *सम्पादकको कलम* पुस्तक प्रकाशित छ।

**खगेन्द्र नेपाली** बीबीसी नेपाली सेवामा २७ वर्ष काम गरी २००६ अप्रिलबाट सेवानिवृत्त भएका हुन्।

**खिम घले** पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर तहमा अध्ययनरत छन्। उनी विगत ६ वर्षदेखि *कान्तिपुर* दैनिकमा संवाददाताका रूपमा कार्यरत छन्।

**गुणराज लुइँटेल** *कान्तिपुर* दैनिकका समाचार सम्पादक हुन्।

**चंकी श्रेष्ठ** स्वतन्त्र लेखक हुन्। उनका दुई साहित्यिक कृति प्रकाशित छन्।

**जेवी विश्वकर्मा** जागरण मिडिया सेन्टरसँग आबद्ध छन्। दलित सवालसँग सम्बन्धित उनका विभिन्न लेखहरू प्रकाशित छन्।

**देवराज हुमागाईं**ले व्यवस्थापनमा स्नातकोत्तर गरेका छन् । उनी *नेपाली मिडिया सन्दर्भग्रन्थ, रेडियो नेपालको सामाजिक इतिहास, रेडियो पत्रकारिता: एफएममा समाचार र संवाद* पुस्तकका सह-सम्पादक हुन् ।

**प्रतीक ङेसुर तामाङ** *छार गोङमा* मासिकका सम्पादक तथा प्रकाशक हुन् । *एफएम रेडियोमा तामाङ भाषा* पुस्तकका लेखक तामाङ हाल नेपाल एफएममा कार्यरत छन् ।

**प्रशान्त अर्याल** *नेपाल* साप्ताहिकका सहायक सम्पादक हुन् ।

**मञ्जु मिश्र** पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेशनका प्रिन्सिपल हुन् ।

**यशोदा तिम्सिना** *नेपाल* साप्ताहिकका विशेष संवाददाता हुन् ।

**रघु मैनाली** सामुदायिक रेडियो सहयोग केन्द्र (नेपाल वातावरण पत्रकार समूहअन्तर्गत) का संयोजक हुन् । उनको लेखन/सम्पादनमा आधा दर्जनभन्दा बढी पुस्तक प्रकाशित छन् ।

**रामकृष्ण रेग्मी** पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत कान्तिपुर सिटी कलेज, आमसञ्चार विभागका प्रमुख हुन् ।

**लालदेउसा राई** त्रिभुवन विश्वविद्यालयअन्तर्गत पत्रकारिता तथा आमसञ्चार विभाग, रत्नराज्य क्याम्पसका सह प्राध्यापक हुन् ।

**विनयकुमार कसजू** *गाउँले देउराली* साप्ताहिकका संस्थापक हुन् । एक दर्जनभन्दा बढी पुस्तकका लेखन/सम्पादन गरिसकेका कसजू मिडिया सर्भिसेज इन्टरनेशनलसँग सम्बद्ध छन् । उनले सञ्चारसम्बन्धी दुईओटा र बालसञ्चार/साहित्यसम्बन्धी एउटा वेबसाइट सञ्चालन र सम्पादन गरिरहेका छन् ।

**विनय गुरागाईं**ले सप्तकोशी एफएम (इटहरी) मा कार्यक्रम निर्देशक र सामुदायिक रेडियो सोलु एफएम (सोलखुम्बु) को स्टेसन म्यानेजरको कार्यभार सम्हालिसकेका छन् । हाल उनी इक्वेल एक्सेस नेपालको रेडियो कार्यक्रमका निर्माता हुन् ।